देउमाई  नगरपालिका

# स्थानीय राजपत्र

खण्ड: १ | संख्या: ३ | मिति : २०७४/०५/१९

**भाग-२**

**देउमाई नगरपालिका**

## देउमाई  नगरपालिकाको आर्थिक बर्ष २०७४/२०७५ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्ने बनेको ऐन

<u>देउमाई नगर कार्यापालिकाको विनियोजन ऐन</u>

**देउमाई नगरपालिकाको आर्थिक बर्ष २०७४/२०७५ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

कार्यापालिकाबाट स्वीकृत मितिः २०७४।५।१५

प्रस्तावनाः **देउमाई** नगरपालिकाको आर्थिक बर्ष २०७४।०७५ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम **देउमाई** नगर सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम " **देउमाई** नगरपालिकाको विनियोजन ऐन, २०७४" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. आर्थिक वर्ष २०७४।०७५ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१)आर्थिक वर्ष २०७४।०७५ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ३४,६३,००,०००।- (अक्षेरुपी **चौतिस करोड तिरसट्ठि लाख** रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

**३. विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७४।०७५ को निमित्त **देउमाई** नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ।

अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चित कोषबाट विनियोजन हुने रकम

| आय शिर्षक | आय रु | व्यय शिर्षक | व्यय रु |
|---|---|---|---|
| **गत मौजाद** | ८२०००००।०० | पुजिगत खर्च (शशर्त अनूदान) | **१२५९४७०००।००** |
| नगद मौजाद | ०।०० | विभिन्न विषयगत कार्यालय सशर्त अनुदान | १२५९४७०००।०० |
| बैंक मौजाद | ८२०००००।०० | **चालू खर्च** | **३८१६२०००।००** |
| **आन्तरिक आय** | **१७१००००००।००** | आन्तरिक चालू | ४१६००००।०० |
| आन्तरिक स्रोत | १४१००००००।०० | नेपाल सरकार चालू अनूदान | ३४००२०००।०० |
| राजस्व वाडफाड | ३००००००।०० | **समपुरक कोष** | **२००००००००।००** |
| लागत सहभागिता | ०।०० | **आयोजना व्यवस्थापन खर्च** | **४६१९७३०।००** |
| **नेपाल सरकारवाट प्राप्त हूने अनूदान** | **३२१०१६०००।००** | **वडागत निशर्त पुजिगत** | **३१५००००००।००** |
| निशर्त चालू अनूदान | ३४००२०००।०० | **विषयगत कार्यालय निशर्त पुजिगत** | **३०५००००००।००** |
| निशर्त पूंजिगत अनूदान | १६१०६९०००।०० | शिक्षा | ७००००००।०० |
| सशर्त पूंजिगत अनूदान | १२५९४५०००।०० | स्वास्थ्य | ८००००००।०० |
| | | कृषि | १००००००००।०० |
| | | पशु | ५००००००।०० |
| | | वन | ५०००००।०० |
| | | **नगरपालिका निशर्त पुजिगत** | **९५५८७२७०।००** |
| | | आर्थिक विकास | १५००००००।०० |
| | | सामाजिक विकास | १२४००००००।०० |
| | | पुर्वाधार विकास | ५२५००००००।०० |
| | | वातावरण तथा विपत व्यवस्थापन | ७५०००००।०० |
| | | संस्थागत विकास, सेवा प्रवाह र सुसासन | ८१८७२७०।०० |
| **जम्मा** | **३४६३१६०००।००** | | **३४६३१६०००।००** |

पुजिगत निसर्त अनुदानको समपुरक कोष छट्याइ बाकीँ रहेको रकमको मात्र आयोजना व्यवस्थापन खर्च (contengency ) छुट्य्इएको छ। समपुरक कोषको आयोजना व्यवस्थापन खर्च (contengency ) छुट्याइएको छैन।

आज्ञाले,

नाम - प्रेम प्रसाद दाहाल

प्रमुख प्रशासकीय अधिकृत